# गण्डकी प्रदेश सभा

## सातौ अधिवेशन

## बैठक संख्या -१३

## सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति २०८१ साल चैत १७ गते, आइतवार**

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा **विहान ११:३८** बजे प्रारम्भ भयो।

तत्पश्चात **माननीय पूर्व मुख्यमन्त्री खगराज अधिकारी**ले विशेष समयमा सभालाई सम्बोधन गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरका कार्यक्रमको लागि **एक घण्टाको समय** निर्धारण गरिएको जानकारी गराउनुभयो। उक्त कार्यक्रमका लागि माननीय सभामुखले माननीय सदस्यहरुबाट प्रश्नको विषयको लिखित जानकारी प्राप्त भैसकेको र एक दिनको बैठकमा **बढीमा दश जना माननीय सदस्यले** मात्र प्रश्न सोध्न सक्ने व्यवस्था बमोजिम सदस्यहरुले जानकारी गराउनुभएका प्रश्न/विषयको सूचनाको दर्ता क्रम अनुसार प्रश्नोत्तरको क्रम निर्धारण गरिएको व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात माननीय सभामुखले माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई प्रत्यक्ष प्रश्नोत्तर कार्यका लागि रोष्ट्रममा आमन्त्रण गर्नुभयो ।

तत्पश्चात माननीय मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम प्रारम्भ भयो। उक्त **कार्यक्रममा क्रमशः माननीय अशोक कुमार श्रेष्ठ, माननीय प्रकाश वराल, माननीय दोर्ण कुमार कुँवर, माननीय कुसुम बुढा पुन, माननीय देवका पहारी त्रिपाठी, माननीय सुशिला सिंखडा, माननीय निर्मला थापा, माननीय सुनिता थापा, माननीय लिल बहादुर थापा मगर र माननीय दिपेन्द्र बहादुर थापा**ले प्रश्न सोध्नुभयो र माननीय मुख्यमन्त्रीले क्रमशः प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखले **माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे**ले दिनुभएको जवाफमा थप स्पष्ट हुनुपर्ने भएमा प्रश्नकर्ता माननीय सदस्यहरुले प्रश्नको विषयमा केन्द्रित रही पुरक प्रश्न सोध्न चाहने माननीय सदस्यहरुले ३ मिनेट भित्र डायसमा रहेका सचिवालयका कर्मचारी समक्ष नाम उपलब्ध गराउनु अनुरोध गर्नुभएकोमा उक्त समयभित्र **माननीय कुशुम बुढा पुन**ले पुरक प्रश्न सोधनको लागि नाम उपलब्ध गराउनुभयो ।

तत्पश्चात माननीय मुख्यमन्त्रीले माननीय कुशुम बुढा पुनले सोध्नु भएको पुरक प्रश्नको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय स्वास्थ्य मन्त्री कृष्ण प्रसाद पाठक**ले **"गण्डकी प्रदेशमा जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सभामा पेस गर्नुभयो ।

तत्पश्चात **माननीय उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्याल**ले **"गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयक"** सभामा पेस गर्नुभयो ।

तत्पश्चात **माननीय उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री फणीन्द्र देवकोटा**ले **"गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव